Date
Page

# एक चिहान

अभ्यास :

क) 'एक चिहान' उपन्यासमा नेपाली समाजको केकस्तो अवस्थाको चित्रण गरिएको छ, समीक्षा गर्नुहोस्।

- नेपाली साहित्यका सामाजिक यथार्थवादी एवम् प्रगतिवादी उपन्यासकार (१७६२-२०७६) द्वारा रचित 'एक चिहान' सामाजिक यथार्थ चित्रण गरिएको प्रगतिशील उपन्यास हो। सात दशक पुरानो काठमाडौं उपत्यकाको सामाजिक, वर्गीय र सांस्कृतिक जन-जीवनलाई विषयवस्तु बनाइ यस उपन्यासको रचना गरिएको छ।

यस उपन्यासमा निम्न वर्गीय किसान तथा श्रमिक जीवनको दयनीय अवस्थाको चित्रण गरिएको छ। यो उपन्यास एउटा गरिब किसान परिवारप्रति केन्द्रित छ। त्यस किसान परिवारको कठिन जीवन-शैलीको चित्रण गरिएको छ। आफ्नो घरमा बिरामी परेका बुबाको उपचार गर्न पनि धौं धौं परेको अवस्थाको चित्रण गरिएको छ। मरेको बुबाको काजकिया गर्न पनि अरु व्यक्तीबाट पैसा माग्नि गर्नुपर्ने कठिन अवस्थाको वर्णन गरिएको छ। आफ्नो पुरानो भएको घर पनि मर्मत गर्न नसकेको एउटा ~~व्र~~ जोखिमपूर्ण अवस्थाको वर्णन गरिएको छ।

यस उपन्यासमा, डाक्टर गोदत्तप्रसाद जस्ता पात्रले परेका प्रभावहरुको विस्तार गरिएको छ। डाक्टर जस्ता पेसाका एक शिक्षित र विवाहित व्यक्तीले त्यस किसान परिवारका जवान छोरी नानीथकुं प्रति ~~देर~~ आफ्नो नजर राखेको विस्तार गरिएको छ।

त्यस्ता दुष्ट र पैसामुखी पात्र आफ्नो फाइदा खोज्दै त्यस गरिब किसान परिवारसँग नजिक हुँदै गएको कुरा विश्लेषण गरिएको छ। एक समयमा रहेको घमन्डी र स्वार्थी पात्र, नानीथकुँलाई हेर्ने बहानामा त्यस किसान परिवारलाई प्र गरेको सहयोगको वर्णन गरिएको छ।

त्यसैगरी यी डाक्टर जस्तै सुब्बा सुरमान जस्ता धनी र धूर्त पात्रले पारेका प्रभावको पनि चित्रण गरिएको छ। किसानको घरमा बुबाको मृत्यु भए पछि, मौकामा चौका मार्दै सम सुब्बाले रामबहादुरलाई नानीथकुँको हात माग्न पठाएका थिए। हात माग्दा किसान परिवारलाई मदत गर्न पुगेका थिए। यसै गरी मानिसहरू सोच र व्यवहार सजिलै परिवर्तन हुँदैन भन्ने कुरा विस्तार गर्न खोजिएको छ।

अन्त्यमा, यस उपन्यासमा, एउटा गरिब किसानले भोग्नु परेको पिडा र साहु जस्ता धनी व्यक्तीबाट भोग्नु परेको शोषणको वर्णन गरिएको छ। त्यसैगरी कोहि पनि व्यक्ती आफ्नो फाइदा खोज्दै अरूलाई मदत गर्छ भन्ने विश्लेषण गरेका छन्। कसैको मदत लिंदा सोचेर मदत लिनुपर्छ भन्ने सन्देश पुर्याएको छ। त्यसैगरी यस उपन्यासले सामाजिक विभेद अन्त्य गरी समानता र सांस्कृतिक एकता कायम गर्नुपर्ने भाव व्यक्त गरेको छ।

ख) 'एक चिहान' उपन्यासले के कस्तो प्रगतिशील विचार अभिव्यक्त गरेको छ, विवेचना गर्नुहोस्।

- नेपाली साहित्यका सामाजिक यथार्थवादी एवंम प्रगतिवादी उपन्यासकार (१९६२-२०४६) द्वारा रचित 'एक चिहान' सामाजिक यथार्थ चित्रण गरिएको प्रगतिशील उपन्यास हो। निम्न वर्गीय किसान र कहिले शिक्षा प्राप्ति गर्न असफल भएका किसान परिवारको प्रगतिशील विचार अभिव्यक्त गरेको छ।

यस उपन्यासमा मर्दापर्दा दानदक्षिणा दिने परम्पराको विरोध गरिएको छ, त्यसका साथै मर्दापर्दा गुठियार र आफन्तलाई भोजमतेर खुवाउने प्रचलनको विरोध र अन्त्य गरिएको छ। आफ्नो बुबा अष्टनारानो उपचारको क्रममै निधन भएपछि उनको परिवारसँग उनको काजक्रिया गर्न समेत पैसा थिएन। आफ्नो बुबाको अन्तिम संस्कार त अष्टनारानको परिवारले अरूबाट ऋण लिएर गर्नुपरेको थियो। काजक्रिया गर्न समेत पैसा जुटाउन कठिन परेको बेला कहाँको भोज, आफूसँग भोज खुवाउन पैसा नहुँदा पनि लज्जा नमानि, यस परम्पराको विरोध गरेका छन्।

त्यसैगरी यस उपन्यासमा स्वैच्छिक अन्तर्जातीय प्रेमविवाहको समर्थन र प्रोत्साहन गरिएको छ। आफ्नो घरको कोहि सदस्य शिक्षित नभए पनि अष्टनारानका पूरा परिवार अन्तर्जातीय विवाहलाई समर्थन गर्थे। अन्तर्जातीय विवाह गरेमा मात्र नेपालमा विकास हुन्छ भन्ने उनीहरू धारणा राख्दथे। यहि धारणालाई मान्यता दिँदै, अष्टनारानका कान्छा छोरा हर्षनारानको विवाह मष्ला तामाङका छोरी पुतलीसँग विवाह भएको थियो। त्यसै गरी नानीथकु र रामखेलावन कुर्मीको पनि विवाह सफल भएको थियो। अष्टनारानका परिवार

नेवार, पर्वत र मधेसी तीन जाति मिसिएर एक भएकोमा अत्यन्तै खुसी थिए।

त्यसका साथै यो किसानको परिवारले विवाहमा दिने दाइजो प्रथाको विरोध गरेका छन्। माइला तामाङ र नानीथकुंको परिवारले आफूले दिनसकेको सामान दाइजो दिएर विदा गरेका छन्। एउटा परम्परा हो भन्दै अरूहरूले कतैबाट ऋण नलिकन आफ्नो पहुँच सम्म सकेको सामान दिएर पठाएका छन्। त्यती मात्र नभएर बेहुली भित्र्याउने र अनमाउने सामाजिक परम्पराको विरोध गर्दै प्रगतिशील विवाहको समर्थन गरेका छन्। बेहुलीलाई बाटोमा डोलीमा तेराउनु भन्दा घर भित्र ३ स्वास्नी मानिसलाई पुरुष सरह इज्जत र हक पाउने र दिनेकुरालाई अपनाएका छन्।

अन्त्यमा, यस उपन्यासले भौगोलिक, जातीय र साम्प्रदायिक एकताको पक्षपोषण गरेको छ। स्वैच्छिक अन्तर्जातिय प्रेम विवाहको प्रोत्साहन गरेको छ। अन्तर जातिय विवाह गरेमा विभिन्न जातको संस्कृति मिसएर एक हुने भाव व्यक्त गरेका छन्। हामी सबै नेपालीको जात मिसिएर एक भएपछि अझै सुन्दर र विशाल नेपाल हुन्छ भन्ने भाव व्यक्त गरेको छ।

ग) शिवनारान कस्तो चरित्र भएको पात्र हो? 'एक चिहान' उपन्यासका आधारमा उसका चारित्रिक विशेषता उल्लेख गर्नुहोस् ।

- नेपाली साहित्यका सामाजिक यथार्थवादी एवम् प्रगतिवादी उपन्यासकार (१९८२-२०५६) द्वारा रचित 'एक चिहान' सामाजिक यथार्थ चित्रण गरिएको प्रगतिशील उपन्यास हो । सात दशक पुरानो काठमाडौँ उपत्यकाको सामाजिक, वर्गीय र सांस्कृतिक जनजीवनलाई विषयवस्तु बनाइ यस उपन्यासको मा शिवनारान तथा अन्य पात्रलाई केन्द्रमा राखी रचना गरिएको हो ।

शिवनारान अष्टनारान र लतमायाको जेठा छोरा हुन् । त्यसका साथै उनी हाकुमायाका पति र दुई छोराछोरीका बुबा पनि हुन् । उनी यस उपन्यासका प्रमुख पात्र हुन् । उनले यस उपन्यासमा एउटा महत्त्वपूर्ण भूमिका खेलेका छन् । उनी एक गरिब किसानको घरमा जन्मिएका एक पुरुष पात्र हुन् । आफ्नो बुबा अष्टनारान बिरामी पर्दा उनले छोरा भएको पुरै कर्तव्य पुरा गरेका छन् । बिरामी भएको बुबाको उनले दिन रात सेवा गरेका थिए । आफ्नो बुबाको निधनपछि उनी घरको धकाली बन्न पुगेका थिए ।

शिवनारान एक पारिवारिक दायित्वबोध भएको एउटा जिम्मेवार पात्र हो । बुबाको साथ नभएपछि उनले घरको सबै जिम्मेवारी उठाएका थिए । उनी किसान के छोरा भएर, पेसागत रूपमा श्रमजीवी किसान थिए । उनी श्रममा विश्वास गर्ने श्रमजीवी वर्गको प्रतिनिधि स्वाभिमानी पात्र हुन् । अरूबाट ठगी गर्नु भन्दा उनी श्रममा धारणा राख्थे । उनी अशिक्षित तर चेतनशील र प्रगतिशील पात्र हुन् । उनको बुबाको उपचारको समयमा डक्टर गोदत्त जस्ता धूर्त पात्र अचानक राम्रो हुँदा उनलाई

सङ्का लागेको थियो र उनको सङ्का पछि ब सत्य भयो। अशिक्षित भए पनि उनी सहि र गलत बिच फरक छुट्याउन सक्थे।

उनी रसिक तर रिसाहा र जिम्मेवार थिए। उनी अलि छिटै रिसाउने प्रवृत्तिका थिए। उनलाई जति नराम्रो र रिसुटे पनि, उनी मानिसको अगाडि राम्रो विचार र बोलियालि भएका व्यक्तिहुन। रिसाहा मात्र नभएर उनी एक रमाइलो गर्ने पात्र पनि हुन्। आफ्नो कर्तव्य र जिम्मेवारीलाई प्राथमिकता दिँदै एउटा रमाइलो स्वभावका पात्र थिए। आफ्नो बुढि र छोराछोरी दुवैलाई माया गर्ने र हकुमाया जिस्काने र ठट्टा गर्ने स्वालका पात्र हुन्।

अन्त्यमा, शिवनारान उपन्यासको आदर्श पुरुष सत्पात्र हो। धन, दौलतको पछि नलागी, ऊ श्रम र मेहेनतलाई उपनउँने पात्र हो। शिक्षा छि हासिल नगरे पनि सहि र गलत छुट्याउन सक्ने पात्र हो। स्वतन्त्रता, न्याय-प्रेमी। लैङ्गिक तथा जातीय र भौगोलिक एकताको पक्षधर हो।

घ) 'एक चिहान' उपन्यासका आधारमा गोदत्तप्रसाद र रामबहादुरको चरित्र तुलना गर्नुहोस्।

- नेपाली साहित्यका सामाजिक यथार्थवादी एवमं प्रगतिवादी उपन्यासकार (१९६२-२०१६) द्वारा रचित 'एक चिहान' सामाजिक यथार्थ चित्रण गरिएको प्रगतीशील उपन्यास हो। सात दशक पुरानो काठमाडौं उपत्यकाको सामाजिक, वर्गीय र सांस्कृतिक जनजीवनलाई विषयवस्तु बनाई निम्न वर्गीय किसान परिवारमा धूर्त पात्रहरूले परेका प्रभावको वर्णन गरिएको छ।

गोदत्तप्रसाद ~~अक्ष्~~ पेसाले डाक्टर र शिक्षित तथा सम्मानित जीवनयापन गर्ने सम्पन्न पात्र हुन्। उनी एक शिक्षित पात्र भए पनि उनले आफूले पाएको ज्ञानले केहि राम्रो गर्न सकेनन्। ठिक र बेठिकको फरक थाहा भइ पनि उनी खराब बाटो तर्फ लागे। गोदत्तप्रसाद एक पैसामुखी र पेसागत मर्यादा भुलेको अविवेकी र अमानवीय चरित्र हुन्। आफ्नो घरमा स्वास्नी र छोरा छोरी हुँदाहुँदै उनी एउटा जवान केटि सँग प्रेम गर्दै बसेका थिए। उनी कामवासनाले मदमत्त, पारिवारिक र सामाजिक मर्यादाको ख्याल नराख्ने एउटा खलपात्र हुन्।

त्यसैगरी रामबहादुर पनि यस उपन्यासका खराब पात्र हुन्। उनी सुब्बा सुरमानको कारिन्दा हुन्। उनी डाक्टर जस्तै निम्नवर्गीय मानिसको बाध्यताको फाइदा उठाउने स्वार्थी पात्र हुन्। उनी बिचौलिया, चाकरीबाज तथा धूर्त पात्र हुन्। आफूले फाइदा पाउन ~~अ~~प्रति सहयोगी भाव देखाउने एउटा दुष्ट पात्र हो। सुब्बाको लागि काम गर्दै आएको एउटा अस्तित्व र स्वाभिमानको बोध नभएको

अन्धविश्वासी भ्रामक र निरीह पात्र हुन्।

यस उपन्यासमा गोदत्त र रामबहादुर दुवै धूर्त प्रवृत्तिका मानिस आफ्नो फाइदाकालागी ~~अ~~ बनेका सहयोगी पात्र हुन्। गोदत्तप्रसाद उच्च शिक्षा हासिल गरेको एउटा डाक्टर हो भने रामबहादुर सुब्बा सुरमानको कारिन्दा हुन्। डाक्टर गोदत्तप्रसाद किसानको घरमा उपचारको बहानामा नानीथकुँमा आँखा राख्न जान्छन्। त्यसैगरी रामबहादुर नानीथकुँको यौवनमा आँखा ~~राख~~ राखी सुब्बाको हात माग्न जान्छन्।

अन्त्यमा, गोदत्तप्रसाद र रामबहादुर दुवै चलाख, धूर्त र आडम्बरी व्यक्ती हुन्। दुवै जना किसान परिवारमा आआफ्नो फाइदा खोज्दै मत मदत गर्न पुगेका छन्। दुवै जना निम्नवर्गीय मनिसको बाध्यताको फाइदा उठाउने खराब पात्र हुन्। यस उपन्यासमा कसैको मदत लिँदा सोचेर मदत लिनुपर्छ भन्ने सन्देश पुर्याएको छ।

पाठ - ४
व्यावसायिक पत्र

बोध र अभिव्यक्ति

२) पाठमा उल्लेख भए अनुसार ज्वालामाई उपभोग्य वस्तु सङ्कलन तथा वितरण कम्पनी कोहलपुर, बाँकेले कर्णाली उत्पादन तथा वितरण केन्द्र, चिसापानी, कैलालीलाई मिति २०६६/१२/२५ मा लेखेको पत्र कस्तो हुनसक्छ, अनुमान गरी लेख्नुहोस्।

ज्वालामाई उपभोग्य वस्तु
सङ्कलन तथा वितरण कम्पनी
कोहलपुर बाँके

मिति:२०६५/१२/२५

प.स.
च.न
श्री प्रबन्ध निर्देशक ज्यू,
कर्णाली उत्पादन तथा वितरण केन्द्र
चिसापानी, कैलाली

विषय: व्यवसायिक सहकार्यका सम्बन्धमा।

महोदय,
उपर्युक्त सम्बन्धमा ध्यान आकर्षित गर्दै, ज्वालामाई उपभोग्य वस्तु सङ्कलन तथा वितरण कम्पनी कोहलपुर-मा अवस्थित विगत एक दशकदेखि आफ्नो व्यापार सञ्चालन गर्दै आएको छ। यस कम्पनीले यहाँ मात्र नभएर अन्य अनेक ठाउँ र पश्चिम क्षेत्रमा भएका जिल्ला

सम्म पनि आफ्नो व्यापार बढाउन पुगेको छ।

कर्नाली उत्पादन तथा वितरण केन्द्रबाट उत्पादित तथा सङ्कलित वस्तुको बिक्री वितरण गर्न र दुई कम्पनीको बिचमा सहकार्य गर्ने प्रस्ताव राखेको छ। कर्नाली उत्पादन तथा वितरण केन्द्रको अरु कम्पनीसँगको सम्बन्ध असल र राम्रो छ भन्ने आशा गर्दछौं। अन्य कम्पनी झैं यस कम्पनीसँग पनि सुमधुर वातावरणमा सहयोग आदानप्रदान शीघ्रै गर्ने छौं भन्ने विश्वास गर्दछौं। त्यसका साथै कर्नाली उत्पादन तथा वितरण केन्द्रबाट उपलब्ध हुने वस्तुहरूको विस्तृत विवरण र मूल्यसूची पनि उपलब्ध गराइदिनु हुन यो हामी अनुरोध गर्दछौं।

यस दुई कम्पनीबिचको सम्झौता कायम र स्वीकार गरी सकरात्मक प्रतिक्रिया दिनु हुन्छ भनि विनम्र अनुरोध गर्दछौं।

भवदीय
रमेश काफ्ले
कम्पनी प्रमुख

खामको नमुना

| | |
|---|---|
| | टिकट |
| पठाउने<br>ज्वालामाई उपभोग्य वस्तु सङ्कलन तथा वितरण कम्पनी<br><br>कोहलपुर, बाँके | पाउने<br>कर्नाली उत्पादन तथा वितरण केन्द्र<br><br>चिसापानी, कैलाली |